## अध्ययन प्रश्नहरू

१) पानीको बप्तिस्माले के को चित्रण दिन्छ ? प्रभु–भोजले के को चित्रण दिन्छ ?

२) पानीको बप्तिस्मा कसले लिन मिल्छ ? कसले लिन मिल्दैन ।

३) प्रभु–भोज कसले लिनुपर्छ ? कसले लिन हुँदैन ?

४) पानीको बप्तिस्माले के मिल्दछ ? प्रभु–भोजले के मिल्दछ ?

५) पानीको बप्तिस्मा किन एकपटक मात्र लिइन्छ ? विश्वासीले प्रभु–भोज किन धेरैपटक लिन्छ ?

६) यदि तपाईंले बप्तिस्मा लिनुभएको छैन भने किन लिनुभको छैन ?

७) यदि तपाईंले प्रभु–भोज लिनुभएको छैन भने किन लिनुभएको छैन ?

भर्खरै ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गरेको नयाँ विश्वासीलाई तपाईंले पानीको बप्तिस्माको बारेमा कसरी व्याख्या गर्नुहुन्छ ? उक्त व्यक्तिलाई प्रभु–भोजको बारेमा कसरी व्याख्या गर्नुहुन्छ ?



# मण्डली विधिहरू

## बप्तिस्मा
## तथा
## प्रभु भोज

पालुङ्ग चर्च
पालुङ्ग-१, ओखरबजार, मकवानपुर

सङ्गतिमा रमाउन सक्छु। प्रभु–भोज लिने जो कोहीले आफैलाई जाँच्दैन र आफैलाई न्याय गर्दैन र परमेश्वरको सामु ख्रीष्टको क्रूसद्वारा आउँदैन भने ऊ प्रभु–भोजमा अयोग्य रीतिले सहभागी हुँदैछ (१ कोरिन्थी ११:२७)। ऊ प्रभु–भोजको आशिष र अर्थदेखि बञ्चित रहन्छ। परमेश्वरले उसलाई ताडना दिनुपर्ने हुन्छ, १ कोरिन्थी ११:३०–३२)।

अर्को पटक प्रभु–भोज लिनुहुँदा निम्न चार "हेराइ" हरूको विचार गर्न सक्नुहुन्छ:

**१) पछिल्तिर हेर्दै** -- "प्रभु, तपाईंले क्रूसमा मेरो निम्ति जे गरिदिनुभयो, त्यसको लागि धन्यवाद छ।"

**२) माथितिर हेर्दै** -- "प्रभु, तपाईं मेरो मुक्तिदाता र प्रभु हुनुहुन्छ र यस घडी समेत मेरो सहायक र रक्षक हुनुहुन्छ।"

**३) अघिल्तिर हेर्दै** -- "प्रभु, धन्यवाद छ तपाईं आउँदै हुनुहुन्छ, सायद आज नै।"

**४) आफूभित्र हेर्दै** -- प्रभु, धन्यवाद छ कि मेरा पापहरू स्वीकार गरें भने मेरा पापहरू क्षमा गर्न र मलाई सबै अधर्मबाट शुद्ध पार्न तपाईं विश्वासयोग्य र धर्मी हुनुहुन्छ" (१ यूहन्ना १:९)।



(क) पानीको छिट्‌काउ दिएर (ख) पानी खन्याएर (ग) पानीमा चोपलेर

मत्ती ३:१६ अनुसार प्रभु येशूको बप्तिस्मा कुन तरिकाले गरियो ? ____________________ ।

यूहन्ना ३:२३ अनुसार यूहन्नाले एनोनमै किन बप्तिस्मा दिए ? किनभने त्यहाँ ________________ थियो । कुन तरिकाले बप्तिस्मा दिँदा धेरै पानी चाहिन्छ ? __________________________ ।

# के पानीको बप्तिस्माले मुक्ति पाइन्छ ?

मुक्ति पाउनलाई पानीको बप्तिस्मा अनिवार्य छ भनेर सिकाउने मानिसहरू धेरै छन्। येशू ख्रीष्टमा विश्वास गरेको व्यक्तिले पानीको बप्तिस्मा नलिएसम्म मुक्ति पाएको हुँदैन भनेर उनीहरू सिकाउँछन्। उनीहरू भन्छन्: मुक्ति पाउनलाई ख्रीष्टमा विश्वास गर्नुपर्छ र बप्तिस्मा लिनुपर्छ। विश्वास गरेको घडीमा होइन तर बप्तिस्मा लिएको घडीमा मुक्ति पाइन्छ। के बाइबलले यस्तै सिकाउँछ त ?

निम्न पदहरूलाई होसियारसित पढ्नुहोस् र गल्ती भएमा सच्याउनुहोस् (बाइबलमा नभएका शब्दहरूलाई धर्सोले केर्नुहोस्):

यूहन्ना ३:१६ – किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो उहाँमाथि विश्वास गर्ने र बप्तिस्मा लिने कोही पनि नष्ट नहोस् तर उसले अनन्त जीवन पाओस्।

यूहन्ना ६:४७ – साँचो–साँचो म तिमीहरूलाई भन्दछु, जसले ममाथि विश्वास गर्दछ र बप्तिस्मा लिँदछ, ऊसँग अनन्त जीवन छ।

प्रेरित १०:४३ – उहाँमाथि विश्वास गर्ने र बप्तिस्मा लिने हरेकले उहाँको नामद्वारा पापहरूको क्षमा पाउनेछ।

प्रेरित १६:३१ – प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस् र बप्तिस्मा लिनुहोस्, र तपाईंले मुक्ति पाउनुहुनेछ।

# प्रभु-भोज कहिले-कहिले लिइनुपर्छ ?

प्रभु-भोज कहिले कहिले लिइनुपर्छ भनेर प्रभु येशूले भन्नुभएन। उहाँले "जहिले-जहिले" वा "अक्सर" भन्नुभयो (१ कोरिन्थी ११:२५-२६) तर कति पटक भनेर तोक्नेभएन। कुनै मण्डलीहरूमा प्रभु-भोज हप्तैपिच्छे लिइन्छ। कुनै मण्डलीहरूमा दुई-दुई महिनामा लिइन्छ। यस सिलसिलामा मण्डलीहरू दुइटा खतरादेखि जोगिनुपर्छ:

**१) खतरा #१ -- प्रभु-भोज धेरैपटक हुनाको खतरा**

प्रभु-भोज बढी नजिक-नजिक समयमा लिइँदा यसले आफ्नो विशेषता गुमाउने सम्भावन हुन्छ। प्रभु-भोज सकभर अर्थपूर्ण हुनु जरूरी छ। कुनै पनि कुरा धेरैपटक दोहोऱ्याइँदा एउटा रीति बन्ने सम्भावना हुन्छ (रीति भन्नाले नबुझिकन, कारणै नजानीकन कुनै काम गर्नु)। प्रभु-भोज सधैं एउटा विशेष र अर्थपूर्ण अभ्यास हुनुपर्छ। हामीले प्रभु-भोज नजिक-नजिक लिने नै हो भने हामीले यसको महत्त्वको यथार्थलाई आफ्नो हृदयका सामु ताजा राख्ने हर प्रयास गर्दै हाम्रो महान् परमेश्वर र मुक्तिदाताको सम्झना गर्नुपर्छ।

**२) खतरा #२ -- प्रभु-भोज थोरैपटक हुनाको खतरा**

प्रभु-भोज पर-पर मात्र लिइँदा हामीले यसको आशिष गुमाउँदछौं। अङ्ग्रजी किङ्ग जेम्स् भेर्सन बाइबलमा "often" भनेर अनुदित शब्दलाई नेपालीमा "जहिले-जहिले" (१ कोरिन्थी ११:२५-२६) भनी रूपान्तर गरिएकोमा यसलाई "अक्सर" भनेर पनि अनुवाद गर्न सकिन्छ। प्रभु-भोज पर-पर मात्र लिइँदा "अक्सर" गर्नेगर भन्ने प्रभुको आज्ञा पनि उल्लङ्घन हुन जान्छ।

प्रभु-भोजको आशिष नगुमाऔं र साथै प्रभु-भोजको अर्थ नगुमाऔं भनेर हाम्रो स्थानीय मण्डलीले प्रभु-भोज महिनाको प्रायः एकपटक (वर्षमा प्रायः १२ पटक) लिने गर्दछ। तैपनि हामीले भन्दा धेरैपटक वा थोरैपटक प्रभु-भोज लिने बाइबलीय मण्डलीहरूलाई कुनै नराम्रो दृष्टिले हामीले हेर्न चाहन्नौं।



_________ मुक्ति पाइसकेको हुनाले म पानीको बप्तिस्मा लिन चाहन्छु।

_________ पानीमा बप्तिस्मा लिँदा मेरा सबै पापहरू पखालिनेछन्।

_________ मैले ख्रीष्टमा विश्वास गरेकै घडी मेरा सबै पापहरू पखालिए र क्षमा भए। प्रेरित १०:४३ पढ्नुहोस्।

_________ बप्तिस्मा मुक्ति नपाएकाहरूले लिने कुरा होइन; बप्तिस्मा मुक्ति पाएकाहरूले लिने कुरा हो।

पानीको बप्तिस्मा प्रभु येशू ख्रीष्टसित ठीक सम्बन्ध गाँसेकाहरू अर्थात् मुक्ति पाएकाहरूले मात्र लिने कुरा हो। यदि कसैका पापहरू क्षमा भएका छैनन् वा धोइएका छैनन् भने उसले बप्तिस्मा लिनु हुँदैन। पानीको बप्तिस्मा लिनु अगाडी मुक्ति पाएको हुनुपर्छ।

# मैले किन बप्तिस्मा लिनुपर्छ ?

**१. मैले आफ्ना प्रभुको आज्ञापालनस्वरूप बप्तिस्मा लिनुपर्छ।**

बप्तिस्मा येशू ख्रीष्टले अह्राउनुभएको कुरा हो भनेर हामीले शुरूमै हेऱ्यौं (मत्ती २८:१९-२०)। प्रेरित १० मा प्रेरित पत्रुसले अन्यजातिहरूको एउटा समूहलाई सुसमाचार प्रचार गरे। यी अन्यजातिहरूले पत्रुसले प्रचार गरेका सुसमाचारलाई विश्वास गरे। प्रेरित १०:४८ मा हामी पढ्छौं कि उनले तिनीहरूलाई प्रभुको नाममा __________ लिनू भनी _________ दिए। पत्रुसले यसो भनेनन्, "तपाईंहरूलाई इच्छा लाग्छ भने बप्तिस्मा लिनुहोस्, तर तपाईंहरूले बप्तिस्मा लिनैपर्छ भन्ने छैन।" होइन, पत्रुसले ती विश्वासी जनहरूलाई बप्तिस्मा लिनलाई <u>आज्ञा</u> गरे। बप्तिस्मा प्रत्येक विश्वासी जनले प्रभुको आज्ञापालन गर्नलाई गर्नु पर्ने कुरा हो!

बप्तिस्मा आज्ञा हो भन्ने अर्को उदाहरण प्रेरित २:३८ मा पाइन्छ। पत्रुसले यहूदीहरूका भीडलाई सम्बोधन गर्दै यो आज्ञा दिए (प्रेरित २:३८): तपाईंहरू हरेकले येशू ख्रीष्टको नाममा __________ __________। कुनै पनि आज्ञा पालन गरिओस् भनेर दिइन्छ। मुक्ति नपाएको व्यक्तिलाई परमेश्वरले कुन आज्ञा दिनुहुन्छ (१ यूहन्ना ३:२३ को पहिलो भागमा)? ______________________________ ____________।

ख्रीष्टमा विश्वास गरेपछि एक व्यक्तिले मुक्ति पाउँछ र त्यसपछि उसलाई

_______________ यो गर" (१ कोरिन्थी ११:२४,२५)। मानिसमा विर्सने प्रवृत्ति छ भनेर परमेश्वर जान्नुहुन्छ। महत्त्वपूर्ण कुराहरू समेत विर्सने हाम्रो स्वभाव छ! तर एउटा कुरा हामीले कहिल्यै विर्सेको चाहनुहुन्न परमेश्वरले। हाम्रो मुक्तिदाताले हाम्रो निम्ति क्रूसमा के गरिदिनुभयो सो कुरा हामीले कहिल्यै विर्सेको चाहनुहुन्न।

**उहाँको शरीर पापको निम्ति एउटा बलिदानस्वरूप चढाइएको थियो**

(हेर्नुहोस् १ पत्रुस २:२४; ३:१८; २ कोरिन्थी ५:२१)

**उहाँको रगत हाम्रा पापहरू क्षमा गर्न सकियोस् भनेर बहाइएको थियो**

(हेर्नुहोस् मत्ती २६:२८; एफेसी १:७; प्रकाश १:५)

प्रभु-भोज यस्तो समय हो जब हामी फर्केर क्रूसलाई विचार गर्छौं र उहाँ हाम्रो सट्टामा मर्नुहुँदा येशूले के गरिदिनुभयो भनेर सम्झना गर्दछौं।

## प्रभु-भोजमा सहभागी हुनुपर्नेहरू को हुन् ?

येशूले सबैलाई नै रोटीबाट खान र कचौराबाट पिउनलाई आज्ञा **गर्नुभएन**। योचाहिँ उहाँले आफ्ना **चेलाहरू**लाई गर्न अह्राउनुभएको कुरा थियो। प्रेरित २:४१-४६ मा हामी सिक्छौं कि "_______________ गर्नेहरू सबै एकैसाथ थिए" (पद ४४) अनि यिनै व्यक्तिहरूले "रोटी भाँच्दै" खाएका थिए (पद ४२ र ४६)।

प्रभु-भोज लिनु अगाडि यी चारओटा कुराहरू निश्चित गर्नुहोस्:

**१) प्रभु-भोज लिनलाई तपाईंले मुक्ति पाएको हुनुपर्छ।** तपाईंले येशू ख्रीष्टमा विश्वास गरेको हुनुपर्छ अर्थात् तपाईंको अनन्त मुक्तिका लागि उहाँले क्रूसमा गरिदिनुभएको कार्यमा तपाईंले भरोसा गरेको हुनुपर्दछ।

**२) मुक्ति पाएको छु भनी आफूले जानेको हुनुपर्छ।** कतिलाई मुक्तिको निश्चयता नै पाएका हुँदैनन्। मैले मुक्ति "पाएँ होला", "पाउने आशा छ", "पाएँ जस्तो लाग्छ" भन्ने जस्ता कुरा गर्छन् उनीहरू तर



छ भन्ने संकेत दिन्छ। लेबलले बताउँछ, म खोकीको औषधीको शीशी हुँ। सबैलाई थाहा होस्, मभित्र खोकीको औषधी छ!

पावल, एक विश्वासी जन भएको हुनाले उसले यसरी भन्न सके: **<u>म</u>** (मेरो पुरानो मान्छे अर्थात् पहिलेको पापपूर्ण जीवन) __________सित __________ ______________ _______, तरैपनि म जिउँछु; त्यसो भए पनि **<u>म</u>** (मेरो पुरानो मान्छे अर्थात् पहिलेको पापपूर्ण जीवन) ता होइन, तर ख्रीष्ट मभित्र ______________; अनि जुन जीवनल अहिले शरीरमा जिउँछु त्यो म परमेश्वरको पुत्रको विश्वासद्वारा जिउँछु, जसले मलाई प्रेम गर्नुभयो र आफैलाई मेरा निम्ति दिहाल्नुभयो (गलाती २:२०)। तपाईं एक विश्वासी हुनुहुन्छ भने, **तपाईंभित्र को जिउनुहुन्छ (गलाती २:२०) ?** ________________। पानीको बप्तिस्मा शीशीमा लेबल लगाउने सुन्दर अवसर हो जसद्वारा तपाईंले आफूभित्र ***को*** जिउनुहुन्छ र राज्य गर्नुहुन्छ भनेर अरूहरूले जान्न सक्नेछन्। सबै थोकमाथि राज्य गर्नुहुने प्रभु येशू ख्रीष्टको इच्छा यो हो, विश्वासी, उहाँमा भएको **जीवन**मै पूर्णरूपले खुशी हुनु, आफ्नो हृदयमा उहाँलाई परमेश्वर, प्रभु र मुक्तिदाता भनी राज्य गर्न दिनु। के तपाईं उहाँको जिउँदो उपस्थिति र उहाँको राज्यको सामर्थ्य आफ्नो जीवनमा अनुभव गर्दै हुनुहुन्छ? छ भने तपाईंभित्र ***को*** जिउनुहुन्छ भनेर अरूहरूलाई थाहा दिन तपाईंले चाहनुपर्छ। बप्तिस्मा लिनुहुँदा तपाईंले आफ्नो गवाही सुनाउन सक्नुहुन्छ र ख्रीष्टले तपाईंको जीवनमा के गर्नुभएको छ भनेर बताउन सक्नुहुनेछ। बप्तिस्मा लिनुहुँदा तपाईंले आफ्नो मुक्तिको घडीमा सम्पन्न हुनगएको कुराको सुन्दर चित्र प्रस्तुत गर्न सक्नुहुनेछ (पृष्ठ ३ को चित्रलाई हेर्नुहोस्)। यसरी शीशीमा लेबल लगाउने काम गरेजस्तै आफूभित्र ***को*** हुनुहुन्छ भनेर बताउन सक्नुहुनेछ।

**४. म येशूलाई पछ्याउन चाहन्छु भनेर देखाउन मैले बप्तिस्मा लिनुपर्छ।**

बप्तिस्मा एउटा गम्भिर कुरा हो। बप्तिस्माको बारेमा हामीले राम्ररी विचार गर्नुपर्छ। आज धेरै मण्डलीहरूमा बप्तिस्मा एउटा अर्थ-न-व्यर्थको धार्मिक रीतिमात्र हुनगएको छ। हामी त्यसो नगरौं। बप्तिस्माको अति महत्वपूर्ण अर्थ छ जसलाई हामीले कहिल्यै भुल्नुहुँदैन।

पानीको बप्तिस्मा, *म दाम तिरेर किनिएको हुँ त्यसैले म पूर्णरूपमा प्रभुको भएको छु* भनेर आफूलाई र अरूलाई सम्झना गराउने कुरा हो

**३) प्रभु-भोज** (१ कोरिन्थी ११:२०)

क्रूसमा टाँगिनुभन्दाको अघिल्लो रात येशू आफ्ना चेलाहरूसित एउटै भोजनमा सहभागी हुनुभयो। उक्त भोजनपछि येशूले रोटी र कचौराको शुरूआत गर्नुभयो (लूका २२:२०; १ कोरिन्थी ११:२५)।

**४) यूकरिस्ट**

यो एउटा ग्रीक शब्द हो जसको माने "धन्यवाद दिनु" भन्ने हुन्छ। रोटी भाँच्नुअघि र कचौरा बाँड्नुअघि येशूले परमेश्वरलाई धन्यवाद दिनुभयो (मत्ती २६:२७; लूका २२:१९ र १ कोरिन्थी ११:२४)। प्रभु-भोज एउटा विशेष समय हुनुपर्दछ जब विश्वासीहरूले परमेश्वरलाई ख्रीष्टले उनीहरूका लागि गरिदिनुभएको कामका लागि धन्यवाद दिन्छन्।

**५) रोटी भँचाइ**

येशूले त्यस रात गर्नुभएको कार्य यही नै थियो (मत्ती २६:२६) र येशूका चेलाहरूले यसलाई निरन्तर रूपमा गर्दै आएका छन् (प्रेरित २:४२)।

# येशू ख्रीष्टद्वारा शुरुआत गरिएको विधि

प्रभु-भोजको विधि प्रभु येशूलाई धोका दिइएकै रात शुरुआत गरिएको थियो। भोलिपल्ट नै येशू क्रूसमा जानु थियो र हाम्रो लागि दुःख सहँदै आफ्नो रगत बहाउनु थियो। उक्त रात येशूले के गर्नुभयो भन्ने कुरा सुसमाचारीय पुस्तकहरूमा (मत्ती २६२६-३०; मर्कूस १४:२२-२६; लूका २२:१९-२०) र १ कोरिन्थी ११:२३-२५ मा पढ्दछौं।

१ कोरिन्थी ११:२४-२५ मा पाइने आज्ञाहरूलाई ध्यानपूर्वक हेरौं:

- लेओ (पद २४)
- खा____ (पद २४)
- मेरो सम्झनामा यो ________ (पद २४)
- जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो ____________ (पद २५)।



उहाँकै सेवा गर्नेछु। परमेश्वरको मद्दतले म एक ख्रीष्टियनलाई सुहाउने जीवन जिउनेछु। जतिसुकै कठीन होस्, म येशूलाई नै पछ्याउने निर्णय गरेको छु। बेठीक संसार (समाज) को बीचमा म ठीक नै गर्ने, ठीक बोल्ने निर्णय गरेको छु। ख्रीष्टको कारण मैले मेरा मित्र (भनिने) हरू गुमाऊँला, दुर्व्यवहार र गिल्लाको पात्र बनूँला, मलाई अरूले नबुझिदिएला र मैले कष्ट भोग्नुपर्ला, तर त्यस्ता कुराहरू आइपरे पनि म सहन तयार छु, यो कुरा स्मरण गर्दै कि म शत्रुको इलाकाभित्र छु र एक समय मेरो समझ पनि उनीहरूको जस्तै अन्धा थियो। क्रूसमा मेरो मुक्तिदाताले भोग्नुभएको कष्टको तुलनामा मैले चुकाउनु पर्ने मूल्यलाई केही ठान्दिनँ। के शुरूका ख्रीष्टियनहरू आफ्ना मुक्तिदाताका निम्ति दुःख भोग्न तयार थिए (प्रेरित ५:४०-४१)? ________________। उनीहरूले खुशीसाथ दुःख भोगे कि बेखुशी भएर? ________________।

के तपाईंले मुक्ति पाउनुभयो? के तपाईं येशू ख्रीष्टमा विश्वास गर्ने व्यक्ति हुनुहुन्छ? मुक्ति पाउनुहुँदा के तपाईं येशू ख्रीष्टभित्र बप्तिस्मा हुनुभयो? के तपाईं पानीको बप्तिस्मा लिनुभयो? किन लिनुभयो? वा, किन लिनुभएको छैन? के तपाईं येशूलाई पछ्याउन चाहनुहुन्छ? चेलापनको मार्ग असजिलो मार्ग हुन सक्ने भए तापनि के तपाईं सो मार्गमै हिंड्न चाहनुहुन्छ, यो जानेर कि प्रभु येशू ख्रीष्ट तपाईंसितै सो मार्गमा हिंड्नुहुनेछ (मत्ती २८:२०; हिब्रू १३:५)? मुक्तिदातालाई पछ्याउँदा मूल्य चुकाउनु पर्ला, कठिनाइ आउलान् तर **यो पूरै सार्थक छ**!

बप्तिस्मा लिने बेलामा प्रायः नीजलाई आफ्नो छोटो गवाही बाँड्ने मौका दिइन्छ। आफ्नो मुक्तिको बारेमा र पानीको बप्तिस्माको अर्थको विचार गर्ने क्रममा, तपाईंको बप्तिस्माको समयमा गवाही दिंदै हुनुहुन्थ्यो भने तपाईंले के-के कुराहरू बाँड्नु राम्रो होला?

# बप्तिस्माको अर्थ

## बाइबलले के भन्दछ ?

प्रभु येशू ख्रीष्टले मण्डलीलाई दुईटा विधिहरू दिनुभएको छ। पहिलो, *पानीको बप्तिस्मा* र दोश्रो, *रोटी भचाइँ* (प्रभु भोज)। यहाँ हामी पानीको बप्तिस्माको अध्ययन गर्नेछौं।

मानिसहरूलाई पानीको बप्तिस्मा दिनू भन्ने आज्ञा येशू ख्रीष्टकै हो। मृत्युबाट बौरिउठ्नुभएपछि स्वर्गारोहण हुनुअघि येशूले आफ्ना चेलाहरूलाई यो आज्ञा दिनुभयो: यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको र पुत्रको र पवित्र आत्माको नाममा ____________ देओ (मत्ती २८:१९)। यो आज्ञा येशूको हो। तसर्थ, यसलाई मण्डलीले पालन गर्नैपर्छ!

## बप्तिस्मा दिने ठीक तरिका कुन हो ?

*छिट्काउद्वारा* बप्तिस्मा दिने मण्डलीहरूले बच्चा वा वयस्कको टाउकोमा केही थोपा पानीको छिट्का दिएर बप्तिस्मा दिन्छन्। *खन्याएर* बप्तिस्मा दिने मण्डलीहरूले नीजको टाउकोमा पानी खन्याएर बप्तिस्मा दिन्छन्। *चोपलेर* बप्तिस्मा दिने मण्डलीहरूले नीजलाई पानीमुनि पूरै डुबाइकन माथि उठाएर बप्तिस्मा दिन्छन्। कुन तरिका ठीक हो ? बाइबलमा कुन तरिका सिकाइएको छ ?

सर्वप्रथम **बप्तिस्मा** भन्ने शब्दको अर्थ बुझ्न आवश्यक छ। यसको अर्थ छिट्काउ दिनु वा खन्याउनु भन्ने होइन। **बप्तिस्मा** (βαπτίζω) एउटा ग्रीक शब्द हो जसको अर्थ हो, चोपल्नु, डुबाउनु, कुनै एउटा चीजलाई अर्को चीजभित्र पूरै ढाकिने गरीकन हुल्नु। तरल पद्धार्थको कुरा गर्दा यसको अर्थ हुन्छ, कुनै चीज वा व्यक्तिलाई तरलले पूरै डुब्ने गरी तरलभित्र राख्नु (पूरै डुबाउनु)।

प्रेरित ८:३६–३९ पढ्नुहोस्। पद ३८ र ३९ लाई विशेष ध्यान दिनुहोस्। फिलिपले नपुंसकलाई कसरी बप्तिस्मा दिए ? ठीक उत्तरमा चिन्ह लगाउनुहोस्:





## बप्तिस्मा र प्रभु–भोजको तुलना

| पानीको बप्तिस्मा | प्रभु–भोज |
|---|---|
| एकपटक मात्र लिइने | धेरैपटक लिइने |
| ख्रीष्टियन जीवनको प्रारम्भमा लिइने | ख्रीष्टियन जीवनभरि लिइने |
| चाबी शब्द: **सम्बन्ध** (सम्मिलिकरण) हेर्नुहोस् रोमी ६:३–४ विश्वासी जन ख्रीष्टसित एकसाथ जोडिएको छ। | चाबी शब्द: **सहभागीता** (सङ्गति) हेर्नुहोस् १ कोरिन्थी १०:१६; ११:२८,३१ विश्वासी जन येशू ख्रीष्टसित सङ्गति गर्न पाउँदछ। |
| क्रूसको कारण मसित नयाँ जीवन छ! | क्रूसको कारण म आफूसित भएको नयाँ जीवनमा रमाहट गर्न सक्छु! |
| म ख्रीष्टमा एउटा नयाँ सृष्टि हुँ! | म ख्रीष्टमा एउटा नयाँ सृष्टिको रूपमा हिँड्नुपर्छ! |
| ख्रीष्टमा मेरो **ओहोदा** सिद्ध छ! परमेश्वरले मलाई आफ्नो सिद्ध पुत्रमा देख्नुहुन्छ! | मेरो वास्तविक **अवस्था** हुनुपर्ने जस्तो नै सधैं छैन। मैले आफैलाई *जाँच्नुपर्छ* र आफैलाई *न्याय* गर्नुपर्छ ताकि म परमेश्वरकहाँ क्रूसद्वारा आऊँ र उहाँसित सङ्गतिमा रहिरहूँ (१ कोरिन्थी ११:२८–३२; १ यूहन्ना १:५–९)। |

१ कोरिन्थी १:२१ – विश्वास गर्ने र बप्तिस्मा लिनेहरूलाई मुक्ति दिनु परमेश्वरलाई असल लाग्यो ।

माथिका सबै पदहरू अनुसार मुक्ति पाउन र अनन्त जीवन पाउनलाई एउटा व्यक्तिले गर्नुपर्ने एउटै कुरा के हो ? ____________________ । मुक्ति पाउनलाई केवल विश्वास आवश्यक पर्छ । ख्रीष्टमा विश्वास गरेको तर बप्तिस्मा लिन बाँकि रहेको (वा बप्तिस्मा लिन नपाइकनै मृत्यु भएको) व्यक्तिलाई विचार गर्नुहोस् । के उक्त व्यक्तिले मुक्ति पाउँछ (प्रेरित १६:३१) ? ____________ । मुक्ति नपाएको विश्वासी भन्ने कोही हुँदैन ! हुन त, पानीको बप्तिस्मा ज्यादै महत्वपूर्ण कुरा हो । यो आज्ञापालनको महत्वपूर्ण कार्य हो अनि यसले ज्यादै महत्वपूर्ण सत्यताहरूलाई चित्रण गर्छ (जसको अध्ययन हामी तल गर्नेछौं) । तर यो प्रस्ट होस्, पानीको बप्तिस्माले मुक्ति पाइन्न ।

मान्छेले कुनचाहिँ कुरा नगरोस् भनी शैतान चाहन्छ (लूका ८:१२ पढ्नहोस्) ?

(क) विश्वास नगरोस् (ख) बप्तिस्मा नलेओस्

(ग) मण्डली सभामा नजाओस् (घ) भजन नगाओस्

प्रेरित २:४१, प्रेरित १०:४३–४८ र प्रेरित १६:३०–३४ पढ्नुहोस् । यी पदहरू पढ्नुभई विचार गर्नुभए पछि तलको सूचीलाई ठीक क्रमसंख्या दिनुहोस् (१,२,३,४):

_________ उनीहरूले बप्तिस्मा लिए

_________ उनीहरूले मुक्ति पाए

_________ उनीहरूले परमेश्वरको वचन सुने (सुसमाचार सुने)

_________ उनीहरूले ख्रीष्टमाथि विश्वास गरे

बप्तिस्मा मुक्ति पाउनलाई लिइने होइन; बप्तिस्मा मुक्ति पाइसकेको व्यक्तिले गर्ने काम हो ।

निम्न भनाइहरू ठीक छन् की बेठीक, संकेत दिनुहोस् (ठीक, बेठीक):

_________ मुक्ति पाउनलाई म पानीको बप्तिस्मा लिन चाहन्छु ।



# प्रभु–भोज लिंदा कहाँ र कसरी हेर्ने ?

**पछिल्तिर** -- क्रूसमा हेरौं र सम्झना गरौं, त्यहाँ उहाँले आफ्नो शरीर बलिदानस्वरूप चढाउनुहुँदा र आफ्नो बहुमूल्य रगत बहाउनुहुँदा प्रभु येशूले मेरो निम्ति के गरिदिनुभयो (१ पत्रुस १:१८–१९; २:२४; ३:१८; २ कोरिन्थी ५:२१; एफेसी १:७; मत्ती २६:२८) ।

**माथितिर** -- पिताको दाहिने बाहुलीमा बस्नुभएको येशूलाई हेरौं जहाँ उहाँले मेरो निम्ति **अन्तर्बिन्ती** (हिब्रू ७:२५; रोमी ८:३४) र **वकिल** (१ यूहन्ना २:१–२) को काम गर्दै हुनुहुन्छ ।

**अघिल्तिर** -- येशूको आगमनको बाटो हेरौं (तीतस २:१३) यस प्रतीक्षामा पर्खंदै गर्दै (१ कोरिन्थी १:७–८) कि जब उहाँ आउनुहुनेछ तब उहाँले मभित्र शुरू गर्नुभएको मुक्तिको महान् कामलाई पूरा गर्नुहुनेछ (फिलिप्पी १:६; ३:२०–२१) । पावल बताउँछन्, जब–जब विश्वासीहरूले प्रभु–भोज लिन्छन् तबतब त्यसबाट उहाँ _________________ (१ कोरिन्थी ११:२६) प्रभुको मृत्युको प्रचार (घोषणा) हुँदछ । यसर्थ प्रभु–भोजमा फर्केर क्रूसमा हेर्ने काम हुनुका साथै अघिल्तिर उहाँको आगमनलाई पनि हेरिन्छ ।

**आफूभित्र** -- येशूले मभित्र के काम गर्दै हुनुहुन्छ भनेर हेरौं (१ कोरिन्थी ११:२७–३२; फिलिप्पी २:१३) ।

१ कोरिन्थी ११:२८ अनुसार विश्वासीले "आफैलाई _______________ ।" ग्रीकअनुसार यसको अर्थ मैले आफैलाई परीक्षण गर्नुपर्छ । मैले आफैलाई प्रमाणित गर्नुपर्छ । मेरो हृदय प्रभुसित ठीक छ कि छैन भनेर निश्चय गर्न मैले आफैलाई जाँच्नुपर्छ । "मभित्र कुनै असल कुराले वास गर्दैन" (रोमी ७:१८) भनेर मैले महसुस गर्नुपर्छ । साथै मलाई शुद्ध पार्ने महान् मुक्तिदाता त्यहाँ हुनुहुन्छ भनेर पनि मैले महसुस गर्नुपर्छ (१ यूहन्ना १:७,९) ! १ कोरिन्थी ११:३१ मा भनिएको छ, "हामीले आफैलाई जाँच्यौं भने" । ग्रीकअनुसार यसको अर्थ मैले आफूलाई पूरापूर न्याय गर्नुपर्छ । थाहा भएको कुनै पाप भए त्यसलाई मैले स्वीकार गर्नुपर्छ र आफू पवित्र परमेश्वरका सामु **दोषी** भएको मानिलिनुपर्छ । मुक्तिदाता येशू मेरो निम्ति मर्नुभयो र मेरा सब पापको दण्ड तिरिदिनुभयो भनी स्वीकार गर्नुपर्छ । ख्रीष्टबिना परमेश्वरसित सङ्गति गर्नु असम्भव थियो तर ख्रीष्टद्वारा (उहाँको क्रूसले गर्दा) म परमेश्वरको सामु आउन सक्छु र परमेश्वरसितको

परमेश्वरको अर्को महत्वपूर्ण आज्ञा छ: बप्तिस्मा लिनू ! प्रेरित २:३८ र प्ररित २:४१ पढ्नुहोस् । के ती नयाँ विश्वासी जनहरूले बप्तिस्मा लिनू भन्ने आज्ञालाई पालन गरे ? __________ ।

**२. मैले एउटा चित्र प्रस्तुत गर्नलाई बप्तिस्मा लिनुपर्छ ।**

पानीको बप्तिस्मा मैले मुक्ति पाउँदा मलाई हुन गएको कुराको सुन्दर चित्र हो । मैले मुक्ति पाएकै घडी म येशू ख्रीष्टभित्र बप्तिस्मा भएँ (रोमी ६:३–४, गलाती ३:२७) । यसलाई तल चित्रमा उतारिएको छ:




हरेक व्यक्ति या त मुक्ति पाएको हुन्छ (ख्रीष्टमा) या त मुक्ति नपाएको हुन्छ (ख्रीष्ट बाहिर) । बाइबलले २ कोरिन्थी ५:१७ मा बताएको छ, कोही __________ छ भने ऊ एउटा नयाँ सृष्टि हो । जब एक व्यक्तिले ख्रीष्टमा विश्वास गर्छ परमेश्वरले एउटा अचम्मको कार्य गर्नुहुन्छ । परमेश्वरले उसलाई येशू ख्रीष्टभित्र बप्तिस्मा गराउनुहुन्छ (अवस्थित गराउनुहुन्छ) । यसको मतलब विश्वासी जन येशू ख्रीष्टसित पूर्णरूपमा सम्मिलिकरण गरिन्छ । विश्वासी जन येशू ख्रीष्टको मृत्यु, उहाँको गडाइ र उहाँको बौरिउठाइमा पूर्णरूपमले सम्मिलिकरण गरिन्छ (रोमी ६:३–५) । विश्वासी जन ख्रीष्टमा भएको हुनाले ऊ आफ्नो मुक्तिदातासित अचम्मसित सम्मिलित (एकबध्य) भएको कुराको चित्रस्वरूप पानीको बप्तिस्माले दिन्छ ।

**३. मभित्र *को* हुनुहुन्छ भनेर गवाही दिन मैले बप्तिस्मा लिनुपर्छ ।**

लेबल नभएको शीशीभित्र के छ भनेर हामीलाई जान्न गाहो पर्छ । तर लेबल लगाएपछि भने सजिलै जान्न सकिन्छ । लेबलले शीशीभित्र के



हामीसित अनन्त जीवन छ भन्ने कुरा हामीले "__________" (१ यूहन्ना ५:१३) गरेको परमेश्वर चाहनुहुन्छ ।

**३) प्रभु–भोज लिनु अगाडि तपाईंले आफूलाई जाँच्नुपर्छ, योग्य रीतिले सो लिनलाई तयार हुनुपर्छ (१ कोरिन्थी ११:२७–३१) ।** बाबु–आमाले आफ्ना नानीहरूलाई यस्तो नियम सिकाउने गरेको पाइन्छ: "हात नधोउञ्जेल खान पाइन्न है ! " त्यस्तै विश्वासीले पनि सफा हातबिना प्रभुको टेबलमा खान हुन्न । पाप र परमेश्वर मिल्न सक्दैन । पवित्र परमेश्वर अशुद्ध विश्वासीसित सङ्गति गर्न सक्नुहुन्न (दाँज्नुहोस् यूहन्ना १३:८; १ यूहन्ना १:५–९) । प्रभु–भोजबाट लिनु अगाडि एउटा विश्वासीले यसरी महसुस गर्नुपर्छ: "ख्रीष्टबिना म फोहोर छु, परमेश्वरको सामु म जानै सक्तिन । म यही अवस्थामा परमेश्वरकहाँ जान सक्तिन । पाप र परमेश्वर मिल्नै सक्दैन । परमेश्वरलाई धन्यवाद होस् कि मेरो एक मुक्तिदाता हुनुहुन्छ जसले मलाई शुद्ध पार्नुहुन्छ । धन्यवाद छ परमेश्वर कि येशू ख्रीष्टको रगतले मलाई सब पापबाट शुद्ध पारिरहन्छ (१ यूहन्ना १:७) । परमेश्वरको सामु म जान मिल्ने एउटै उपाय छ -- येशू ख्रीष्ट र उहाँको क्रूसद्वारा । म परमेश्वरकहाँ यही बाटो (कल्वरी क्रूस) भएर जानुपर्दछ । प्रभु, धन्यवाद ! मलाई धोइदिनुभयो । धन्यवाद, पवित्र परमेश्वरसित म अब सङ्गति गर्न सक्दछु । यसका लागि येशू ख्रीष्टले क्रूसमा जे गरिदिनुभयो, धन्यवाद छ त्यसको निम्ति । "

**४) प्रभु–भोज ठीक तरिकाले लिन तयार हुनुपर्छ ।** प्रभु–भोज एउटा गम्भीर समय हो । हाम्रा मुक्तिदाता प्रभु येशूको व्यक्तित्वलाई मनन गर्दै उहाँले हाम्रो निम्ति के गरिदिनुभयो भनेर गहिरिएर सोच्ने समय हो यो । धन्यवाद र मननको समय हो यो । खेल्ने समय होइन । खुसुखुसु कुरा गर्ने समय होइन यो । जिभ्रोको स्वादमै सीमित हुने समय होइन यो । त्यसो गर्नेहरूले आफूहरू प्रभु–भोज लिन तयार नभएको कुरा प्रकट गरिरहेका हुन्छन् ।

के तपाईंले प्रभु–भोज लिन हुन्छ ? प्रायः जसो मण्डलीहरूमा सार्वजनिक रूपमा ख्रीष्टलाई स्वीकार नगरेको र पानीको बप्तिस्मा नलिएको व्यक्तिलाई प्रभु–भोज दिइँदैन । पक्कै पनि यो हल्कासाथ गरिने कार्य होइन । जे गरिन्छ त्यो बुझेर गर्नुपर्छ, सो गर्नुको कारण जान्नुपर्छ ।

(हेर्नुहोस्, १ पत्रुस १:१८–१९, १ कोरिन्थी ६:१९–२०)। साथै म यो बुरुदछु, यस संसारमा म उहाँको साक्षी हुनका लागि उहाँको जीवन मद्वारा प्रकट गर्नु परमेश्वरको योजना रहेछ (प्रेरित १:८)।

पानीको बप्तिस्मा येशू ख्रीष्टलाई पछ्याउनेहरूले लिने कुरा हो (हेर्नुहोस्, लूका ९:२२–२६)। लूका ९:२३ मा येशूले भन्नुभयो, जसले मेरो पछि आउने इच्छा गर्दछ, उसले आफैलाई ____________ गरोस्, दिनहुँ आफ्नो क्रूस उठाओस् र मेरो ___________ _____________।

ख्रीष्टलाई पछ्याउनु भनेको दुईटा कुरा हो: १) **इच्छा** ( मेरो पछि आउने इच्छा गर्दछ ) २) **निर्णय** – दिनहुँ आफूलाई हुँदैन भन्नु र प्रभुलाई हस् भन्नु (**आफू**लाई इन्कार गर्नु)। शुरूका ख्रीष्टियनहरूले बप्तिस्मा लिँदा आफूहरू ख्रीष्टका चेलाहरू भएको गवाही दिइरहेका हुन्थे। फलस्वरूप प्राय: उनीहरू संसारको घृणाको पात्र बन्न पुग्थे, दुर्व्यवहार, गिल्ला र खेदोको भागीदार बन्न पुग्थे। कहिले त आफ्नै परिवारबाट बहिष्कार गरिन्थे। तर उनीहरू जुनसुकै मूल्य तिर्नु परे पनि येशूलाई पछ्याउन इच्छुक थिए र उहाँलाई पछ्याउने निर्णय गरेकोमा उनीहरू खुशी थिए।

अन्धो भएर पनि तपाईंले दृष्टि पाउनु भयो भने तपाईं अवश्य खुशी हुनुहुनेछ। तर अरू अन्धाहरूले दृष्टि पाएका छैनन् र उनीहरूले तपाईंलाई बुझिदिएनन् भनेर के तपाईं फेरी अन्धा नै हुन रोज्नुहुनेछ र? _________________। तपाईं देख्न सक्नुहुन्छ भन्ने कुरा तपाईंका अन्धा मित्रहरूले नरुचाउलान् तर यसो भन्दैमा तपाईं अन्धा बन्नु राम्रो होला? _______________। त्यस्तै, परमेश्वरले विश्वासी जनलाई ***आत्मिक दृष्टि*** दिनुभएको छ, उसलाई ***अनन्त जीवन*** दिनुभएको छ। मुक्ति नपाएकाले यो नबुरुलान्, मन नपराउलान् पनि, तर त्यसो भन्दैमा हामी अन्धकार र मृत्युमा फर्कनु अर्थहीन कुरा हो।

आज पनि येशूलाई पछ्याएर मूल्य चुकाउनु परेका व्यक्तिहरू छन्। संसारमा त्यस्ता राष्ट्रहरू छन् जहाँ ख्रीष्टियन बन्न सजिलो छैन। पानीमा बप्तिस्मा लिनेहरूको गवाही यस्तो हुनुपर्छ: मैले येशूलाई पछ्याउने निर्णय गरें, म अन्धकार र मृत्यमा फर्कनेछैनँ! मेरो इच्छा, मेरो निर्णय यस्तो छ कि म येशूलाई पछ्याउनेछु, बाँकी जीवन प्रभुकै निम्ति जिउनेछु,



हामी प्रभु-भोज लिने गर्छौं किनकि यसो गर्न हामीलाई येशू ख्रीष्टले नै अह्राउनुभएको छ! यो आज्ञा येशूको हो। तसर्थ, यसलाई मण्डलीले पालन गर्नैपर्छ!

## प्रभु-भोजले केको चित्रण गर्दछ ?

बप्तिस्माले जस्तै प्रभु-भोजले पनि एउटा ज्यादै महत्त्वपूर्ण चित्र प्रस्तुत गर्दछ। रोटीले चाहिँ ______________________ (मत्ती २६:२६) को चित्रण गर्दछ र कचौराले चाहिँ _______________________ (मत्ती २६:२७–२८) को चित्रण गर्दछ। जब येशूले **"यो मेरो शरीर हो"** र **"यो मेरो रगत हो"** भन्नुभयो, त्यसको तात्पर्य के थियो? रोमन क्याथोलिकहरूले प्रभु-भोजको रोटी बदलिएर ख्रीष्टकै वास्तविक शरीरमा परिवर्तित हुन्छ भनेर विश्वास गर्दछन्। साथै उनीहरू यो पनि विश्वास गर्छन् कि अङ्गुरको रस बदलिएर येशूकै रगतमा परिवर्तित हुन्छ।

मानौं एकजनासित आफ्नो पत्नीको एउटा चित्र वा फोटो छ। एक दिन उसले आफ्नो साथीलाई उक्त फोटो देखाउँदै भन्छ, "हेर, यो मेरो पत्नी हो।" उसको भनाइको तात्पर्य के हो? कागतको त्यो सानो टुक्रा नै उसको पत्नी हो भन्ने त पक्कै पनि होइन। उसको भनाइको तात्पर्य यो हो: "यसले मेरो पत्नीलाई जनाउँदछ। यो मेरो पत्नीको चित्रण हो। जब तपाईं यो चित्रणलाई हेर्नुहुन्छ तब तपाईं मेरो पत्नीको बारेमा सोच्नुहुन्छ।

येशूको भनाइको तात्पर्य ठीक यस्तै थियो। येशूले भन्नुभयो, **"यो मेरो शरीर हो"** र यी शब्दहरूको माने यो हो: "यसले मेरो शरीर जनाउँदछ। यो रोटी मेरो शरीरको चित्रण हो। जब तिमीले यो रोटीलाई हेर्छौ तब तिमीले मेरो शरीर र म क्रूसमा मरेको बेला तिम्रो निम्ति मैले जे गरिदिएँ त्यसको बारेमा सोच्नेछौ। येशूले **"यो मेरो रगत हो"** भन्नुको तात्पर्य के थियो?

## सम्झनाको समय

हामीले **किन** प्रभु-भोज लिनुपर्छ भनेर प्रभु येशूले हामीलाई बताउनुभएको छ। हामीले किन रोटीबाट खानुपर्छ र कचौराबाट पिउनुपर्छ भनेर उहाँले हामीलाई बताउनुभएको छ। उहाँले भन्नुभयो, "मेरो

## म आज बप्तिस्मा लिँदैछु किनभने...

(पानीको बप्तिस्मा लिने बेलामा तपाईं के भन्न चाहनुहुन्छ, तल लेख्न सक्नुहुन्छ):

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

______________________________________________

नाम: ______________ मिति: ______________

# प्रभु-भोजको अर्थ

## बाइबलले के भन्दछ ?

प्रभु येशू ख्रीष्टले मण्डलीलाई दुइटा विधिहरू दिनुभएको छ। पहिलो, *पानीको बप्तिस्मा* र दोस्रो, *प्रभु-भोज*। यी दुवैलाई प्रेरित २:४१-४२ मा उल्लेख गरिएको छ। यहाँ हामी प्रभु-भोजको बारेमा अध्ययन गर्नेछौं।

## प्रभु-भोजका विभिन्न नामहरू

**१) सहभागीता** (हेर्नुहोस् १ कोरिन्थी १०:१६)

सहभागी हुनुको अर्थ "सङ्गति, संलग्न हुनु, साझा जीवनको भागीदार हुनु" भन्ने बुझिन्छ। यो केवल पास्टर, एल्डरहरू र डिकनहरू मात्र सहभागी हुने कुरो होइन तर सबै विश्वासीहरू भाग लिने, साझा रूपमा सहभागी हुने कुरो हो। बाइबलले भन्दछ, "किनकि हामी __________-एउटै रोटीबाट भाग लिन्छौं" (१ कोरिन्थी १०:१७)। यो हाम्रो लागि आशिष हो कि हामी बौरिउठ्नुभएको हाम्रो प्रभुसित **सहभागी** भई त्यसमा रमाहट गर्न सक्छौं र साथै एकअर्कासित पनि (१ यूहन्ना १:३; साथै दाँज्नुहोस् १ कोरिन्थी १:९)।

**२) प्रभुको टेबल**

यो १ कोरिन्थी १०:२१ मा भेटिन्छ -- "तिमीहरूले प्रभुको ______________बाट , साथै दुष्ट आत्माहरूको टेबलबाट भाग लिन सक्दैनौ" (१ कोरिन्थी १०:२१)। प्रभु येशूले सर्वप्रथम प्रभु-भोजको शुरूआत गराउनुहुँदा सो एउटा टेबलकै वरिपरि गरिएको थियो। एउटा टेबलकै सामुमा प्रभुले पहिलो पटक रोटी भाँच्नुभयो र कचौरा दिनुभयो। "टेबल" ले हामीलाई **सङ्गति**को सम्झना गराउँदछ (दाँज्नुहोस् प्रकाश ३:२० -- "म... ऊसँग भोजन खानेछु, अनि उसले मसँग खानेछ")। एउटै टेबलमा बस्नेहरूले एउटै भोजनमा भाग लिन्छन्। सबै विश्वासीहरू एउटै मुक्तिदाताको भागीदार हुन्छन्। सबै विश्वासीहरू उहाँको बहाइएको रगतमा भरोसा गर्दछन्। सबै विश्वासीहरू उहाँको जीवनमा साझा रूपमा भागीदार भइरहेका हुन्छन्।